# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा अन्तर्गत एघारौं/नवौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको संशोधित सूचना

**सूचना नं. १३२/२०८३-८४** **मिति:-२०८३/०६/१५**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३/०७/१७ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। ज्येष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ र दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नु पर्नेछ)।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने छ।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेशमा समायोजन भएको पत्र पेश गर्नु पर्नेछ।

५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।

६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुनेछ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८,५९ र ६५ बमोजिम हुनुपर्नेछ।

८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुनेछ।

### (क) प्रदेश निजामती सेवा, एघारौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १/२०८३-८४ | अधिकृत एघारौं, प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन/स्यानिटरी | १ |
| २. | २/२०८३-८४ | अधिकृत एघारौं, प्रदेश शिक्षा, शिक्षा प्रशासन | १ |
| | | **जम्मा** | २ |

## (ख) प्रदेश निजामती सेवा, नवौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | ५/२०८३-८४ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ |
| २. | ६/२०८३-८४ | कन्सल्टेण्ट अप्थाल्मोलोजिष्ट, प्रदेश स्वास्थ्य, अप्थाल्मोलोजी | १ |
| ३. | ७/२०८३-८४ | अस्पताल नर्सिङ प्रशासक, प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | १ |
| ४. | ८/२०८३-८४ | कन्सल्टेण्ट काय-चिकित्सक, प्रदेश स्वास्थ्य, आयुर्वेद, काय-चिकित्सा | १ |
| ५. | ९/२०८३-८४ | कन्सल्टेन्ट अकुपञ्चर चिकित्सक, प्रदेश स्वास्थ्य, अकुपञ्चर | १ |
| | | **जम्मा** | ५ |

## (ग) प्रदेश निजामती सेवा, नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १०/२०८३-८४ | सि.डि.ई., प्रदेश इन्जिनियरिङ, सिभिल, वि.एण्ड आर्क. | १ |
| २. | ११/२०८३-८४ | बरिष्ठ कृषि प्रसार अधिकृत, प्रदेश कृषि, कृषि प्रसार | १ |
| ३. | १२/२०८३-८४ | उपसचिव, प्रदेश प्रशासन, प्रशासन | १ |
| ४. | १४/२०८३-८४ | कन्सल्टेण्ट अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, प्रदेश स्वास्थ्य, अब्टेट्रिक्स तथा गाइनोकोलोजी | १ |
| ५. | १५/२०८३-८४ | कन्सल्टेण्ट इ.एन.टि. सर्जन, प्रदेश स्वास्थ्य, अटोरिनो ल्यारिङ्गोलोजी | १ |
| ६. | १६/२०८३-८४ | कन्सल्टेण्ट जनरल फिजिसियन, प्रदेश स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | १ |
| ७. | १७/२०८३-८४ | कन्सल्टेण्ट डर्माटोलोजिष्ट, प्रदेश स्वास्थ्य, डर्माटोलोजी | १ |
| ८. | १८/२०८३-८४ | कन्सल्टेण्ट पेडियाट्रिसियन, प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | १ |
| ९. | १९/२०८३-८४ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ |
| १०. | २०/२०८३-८४ | कन्सल्टेण्ट सर्जन, प्रदेश स्वास्थ्य, सर्जन, जनरल सर्जरी | १ |
| | | **जम्मा** | १० |

**दरखास्त दस्तुर रु.**

एघारौं तह रु. २,५००/- (दुई हजार पाँचसय रुपैंया)

नवौं तह रु. २,०००/- (दुई हजार रुपैंया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैंङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैंङ्क भौचरको सक्कल प्रति संलगन गरी दरखास्त पेश गर्नुपर्ने ।